# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

**प्रेश विज्ञप्ति : मिती २०७२।११।१८ गते**

**आरोपपत्र दायर गरिएको ।**

-----------------------------------

महानगरीय प्रहरी परिसर ललितपुरका प्रहरी नायब उपरीक्षक दयानिधि ज्ञवाली र महानगरीय नगर प्रहरी ललितपुरका प्रहरी निरीक्षक रमेशबहादुर सिंहले दुई पक्षीय लेनदेनको विषयमा रकम भुक्तानीको म्याद लम्ब्याइदिन्छौं भनि रू.३,००,०००।- घुस/रिसवत रकम माग गरेको भनि आयोगमा परेको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात गर्न खटि गएको अनुसन्धान टोलीले झम्सिखेल स्थित थाई घर रेष्टुरेण्टबाट प्रहरी नायब उपरीक्षक दयानिधि ज्ञवाली र प्रहरी निरीक्षक रमेशबहादुर सिंहलाई रु.३,००,०००।- (अक्षरुपी तीन लाख) घुस/रिसवत रकम सहित रंगेहात पक्राउ गरि अनुसन्धान तहकिकात गर्दा उपलब्ध प्रमाणहरुबाट निजहरुले उक्त घुस/रिसवत रकम लिएको पुष्टि हुन आएको हुंदा निज प्रहरी नायब उपरीक्षक दयानिधि ज्ञवाली र प्रहरी निरीक्षक रमेशबहादुर सिंहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको देखिएको हुँदा निज प्र.ना.उ. दयानिधि ज्ञवाली र प्र. नि. रमेशबहादुर सिंहलाई जनही बिगो रु.३,००,०००।- (अक्षरुपी तीन लाख ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।